annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ८३, पृष्ठ ८ | काठमाडौं, बुधबार ६ साउन २०८३ | आषाढ शुक्लपक्ष अष्टमी नेपाल संवत ११४६ | WEDNESDAY, JULY 22, 2026 | मूल्य : रु. १०

आवरण समाचार

# सार्वजनिक खरिदमा सुधार, अघि बढ्ला पूर्वाधार ?




ठेक्का पाउन निर्माण व्यवसायीबीच यति अस्वस्थ प्रतिस्पर्धा हुन्थ्यो कि, लागत अनुमानको ३० देखि ५० प्रतिशत घटेर टेन्डर कबोल गर्थे । किनभने, सार्वजनिक खरिद ऐनले नै सबैभन्दा कम कबोल गर्नेलाई ठेक्का दिनुपर्ने व्यवस्था गरेको थियो । तर, त्यसरी ठेक्का हत्याए पनि व्यवसायी भने समयमा काम गर्दैनथे । कि त बीचैमा ठेक्का छाड्थे, कि त म्याद थपेको थप्यै गर्थे । त्यसैकारण राष्ट्रिय गौरवका देखि ससाना आयोजना पनि अलपत्र परेका छन् । सरकारले हालै सार्वजनिक खरिद ऐनमा संशोधन गरेर 'लो बिडिङ' को व्यवस्था हटाएको छ । त्यससँगै ऐनमा थुप्रै अव्यावहारिक र झन्झटिला प्रावधान हटाएका कारण निर्माण क्षेत्रले गति लिने व्यवसायीहरू बताउँछन् ।

विस्तृत पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

**के छ दोस्रो संशोधनमा ?**

- बजेट र स्रोत पक्का
- पूर्वतयारीपछि मात्र बोलपत्र
- मापदण्डअनुसार लागत
- जिम्मेवारी स्पष्ट
- पुनरावलोकन समितिको निर्णय बाध्यात्मक
- कर्मचारीलाई प्रोत्साहन
- आयोजना म्याद थपको नयाँ नियम
- निर्माण व्यवसायीलाई सम्मान
- घटाइयो जमानत रकम
- मर्जरमा सहजता
- घट्यो बोलपत्रको समय

## स्वदेश फर्किंदैछु, सरकार प्रतिशोधात्मक बन्न सक्छ : देउवा

**अन्नपूर्ण** | *काठमाडौं*

कांग्रेस पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सरकारले प्रतिपक्षप्रति प्रतिशोधको राजनीति सुरु गरेको र संवैधानिक निकायहरूलाई आतंकित बनाउन खोजेको आरोप लगाएका छन्।

बीपी कोइरालाको स्मृति दिवसको सन्दर्भ पारेर जारी गरिएको दुई पृष्ठ लामो विशेष वक्तव्यमा केही महिनादेखि स्वास्थ्य उपचारका क्रममा विदेशमा रहेका देउवाले आफू चाँडै स्वदेश फर्किन लागेको घोषणासमेत गरेका छन्। नेपाली भूमिमा पुनः पाइला टेक्दै गरेको उल्लेख गर्दै उनले सरकार प्रतिशोधात्मक र अलोकतान्त्रिक बन्न सक्नेतर्फ संशय व्यक्त गरेका छन्। 'तर म नेपाली जनताको लोकतान्त्रिक चेतना, राष्ट्रप्रेम र न्यायप्रतिको विश्वासमाथि पूर्ण आस्था र समर्पण भाव राख्छु,' उनले भनेका छन्।

विगत केही महिनादेखि स्वास्थ्य उपचारका सिलसिलामा परिवारसहित विदेशमा रहे पनि आफ्नो मन, सोच र चिन्ता निरन्तर देश र जनताप्रति नै केन्द्रित रहेको देउवाले बताएका छन्। राज्यशक्तिको



प्रतिशोधपूर्ण प्रयोग र पूर्वाग्रहका आधारमा गरिने दमन वा मनोवैज्ञानिक त्रास सिर्जना गरेर प्रतिपक्षलाई दबाउने प्रवृत्ति लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन नसक्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

## शिक्षा र स्वास्थ्यको कर हटाउने घोषणा

### कानुनी प्रक्रिया भने बाँकी

**दिनेश गौतम** | *काठमाडौं*

प्रधानमन्त्री वालेन्द्र शाहले निजी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता शुल्क हटाउने निर्णय भएको सामाजिक सञ्जालबाट घोषणा गरे पनि निर्णय कार्यान्वयनका लागि थप कानुनी प्रक्रिया पूरा गर्नुपर्ने भएको छ।

प्रधानमन्त्री शाहले समता कर कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखिएको उल्लेख गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरिएको उल्लेख गरेका छन्। मंगलबार सामाजिक फेसबुकमार्फत प्रधानमन्त्री शाहले सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत कर (समता शुल्क) फिर्ता लिने निर्णय गरेको जानकारी दिए।

प्रधानमन्त्री शाहले सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिने र नागरिक असन्तुष्ट भएको अवस्थामा आवश्यक सुधार तथा परिमार्जन गर्न सरकार सधैं तयार रहने बताएका छन्। 'नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न हाम्रो प्रतिबद्धता अटल र स्पष्ट छ। सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन्,' प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा लेखेका छन्, 'कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसलाई सुधार्न र परिमार्जन गर्न सरकार सधैं तयार रहने छ।'

तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सीमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बिमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको उनले प्रष्ट्याएका छन्। साथै, करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्था बनाउने लक्ष्य पनि रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले नागरिक तहमा समता करप्रतिको

> कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसलाई सुधार्न र परिमार्जन गर्न सरकार सधैं तयार रहने छ।
>
> **वालेन्द्र शाह**, प्रधानमन्त्री

प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्।

प्रधानमन्त्री शाहले विपन्न तथा गरिब नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले निजी अस्पतालमा १० प्रतिशत बेड तथा निजी क्याम्पस र विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको पनि उल्लेख गरेका छन्। सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता शुल्कविरुद्ध व्यापक आलोचना र विरोध भएपछि उक्त निर्णय फिर्ता लिने घोषणा गरेको हो। अहिले भने औपचारिक कानुनी प्रक्रिया कहिले पूरा हुन्छ भन्नेमा सरोकारवालाको चासो केन्द्रित भएको छ।

वरिष्ठ अधिवक्ता प्राडा गान्धि पण्डितका अनुसार प्रधानमन्त्रीको सामाजिक सञ्जालमा गरिएको घोषणाले मात्रै कर स्वतः हट्ने व्यवस्था भने छैन। आर्थिक ऐन, २०८३ को दफा १८ ले अनुसूचीमा तोकिएका शुल्क घटाउने, बढाउने वा हटाउने अधिकार नेपाल सरकार (मन्त्रिपरिषद्) लाई प्रत्यायोजन गरेको छ। सो अधिकार प्रयोग गर्न अर्थ मन्त्रालयले प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने हुन्छ।

मन्त्रिपरिषद्ले निर्णय गरेपछि त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित भएपछि मात्र निर्णय कानुनी रूपमा कार्यान्वयनमा आउँछ। कानुनी व्यवस्थाअनुसार राजपत्रमा प्रकाशित संशोधनबारे अर्थ मन्त्रालयले संघीय संसद्लाई पनि जानकारी गराउनुपर्ने हुन्छ। वरिष्ठ अधिवक्ता पण्डितका अनुसार प्रधानमन्त्री शाहले शुल्क हटाउने घोषणा गरे पनि त्यसलाई कानुनी मान्यता दिनका लागि बाँकी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। मन्त्रिपरिषद्को औपचारिक निर्णय गरी राजपत्रमा प्रकाशन र संसद्लाई जानकारी गराउने प्रक्रिया बाँकी रहेको छ।

## उपत्यकाको डुबान 'जलवायु परिवर्तन'मात्रै हो त !

**नितु घले** | *काठमाडौं*

काठमाडौंमा बाढी र डुबानको इतिहास नयाँ भने होइन। विक्रम संवत् १९२३ (सन् १८६६) मा बागमती नदीमा यस्तै एउटा भीषण बाढी आएको थियो। त्यसबेला मुलुकमा जंगबहादुर राणाको हुकुमी शासन थियो। बाढीको प्रकोप यति भयावह थियो कि काठमाडौंका सम्पूर्ण सरकारी कार्यालयहरू बन्द गरिएका थिए भने तत्कालीन राजा स्वयम् सुरक्षित रहन नागार्जुन दरबार सरेका थिए।

वरिष्ठ मौसमविद् अजय दीक्षितका अनुसार काठमाडौं उपत्यकामा बाढीको लिखित इतिहास खोतल्दा फेला पर्ने यो नै सम्भवतः सबैभन्दा पुरानो प्रमाण हो। तर, उबेला र अहिलेको बाढीमा आकाश-पातालको फरक छ। दीक्षित भन्छन्, 'त्यतिबेला माटोका घर र झिंगटीका छाना हुन्थे। जताततै सिमेन्टले ढालिएको थिएन। मुसलधारे वर्षा भए पनि जमिनले पानी सोस्थ्यो र बाढी नदी किनारमा मात्रै सीमित हुन्थ्यो, अहिलेको जस्तो जताततै सहरै डुबानमा पर्दैनथ्यो।'

### सहरीकरणको ओभरडोज

दीक्षितको भनाइलाई वैज्ञानिक अनुसन्धानले पनि स्पष्ट पुष्टि गर्छन्। 'र्‍यापिड अर्गनाइजेसन एन्ड क्लाइमेट चेन्जः की ड्राइभर अफ ड्रामाटिक फ्लड इम्प्याक्ट इन काठमाडौं' शीर्षकको अध्ययनअनुसार सन् १९९० देखि २०२० सम्मको ३० वर्षमा उपत्यकामा भौतिक संरचनाको निर्माण ३८६ प्रतिशतले बढेको छ भने सन् १९८९ देखि २०१९ सम्ममा २८ प्रतिशत वन विनाश भएको छ।



*अन्नपूर्ण फाइल*

जलवायु अध्येता तथा अति कम विकसित देश सहायता टोलीका प्रमुख मन्जित ढकालका अनुसार उपत्यकाको बाढीमा जलवायु र सहरीकरणको भूमिकाबारे गरिएको यो नै पहिलो वैज्ञानिक अध्ययन हो।

पृथ्वीको औसत तापमान १.३ डिग्री सेल्सियसले बढ्दा मौसमी घटना १० प्रतिशतले बढेका छन्, तर काठमाडौंलाई डुबाउनमा ७० प्रतिशत भूमिका भने अव्यवस्थित सहरीकरणकै छ। ढकाल भन्छन्, 'काठमाडौंमा २८ प्रतिशत वन विनाश भएको छ भने ३८६ प्रतिशत सहरीकरण बढेको छ। जलवायु परिवर्तनका कारण यस्ता मौसमी घटना १० प्रतिशतले बढेका छन्, तर सहरीकरणका कारण बाढी आउने सम्भावना ७० प्रतिशतले बढेको छ।'

### जमिन मात्र हेर्‍यौं, पानी बिर्सियौं

दक्षिण एसियाली मुलुकहरूमा विकासको अवधारणा नै गलत जगमा उभिएको मौसमविद् दीक्षितको तर्क छ। सन् १९९७ मा 'साउथ एसियाज डेभलपमेन्ट इज अन ल्यान्ड एट द कस्ट अफ वाटर' शीर्षकको घोषणापत्र लेखेका दीक्षित भन्छन् कि उपनिवेश काल (सन् १७९३ तिर) मा इस्ट इन्डिया कम्पनीले ल्याएको 'स्थायी बसोबास ऐन' देखि नै पानीलाई थुन्ने र तटबन्ध बनाउने परम्परा बस्यो, जसले पानीको सहज बहावलाई अवरुद्ध गर्‍यो।

» बाँकी पृष्ठ ६

